बैठक संख्या ५५

कार्यपालिका वैठक मिति २०७६।०३।१३

**निर्णय नं. १**

नगरपालिकाको स्वामित्वमा रहेका पोखरीहरुको माछा विक्री गर्ने प्रयोजनार्थ गत बर्षको विक्री मुल्यका आधारमा उपयुक्त विधि अपनाई माछा विक्री गरी नगरपालिकामा आम्दानी बुझाउन देहाय बमोजिमको उपसमिति गठन गर्ने निर्णय गरियो ।

**देहाय**

संयोजक : श्री गौरीमान परियार, कार्यपालिका सदस्य

सदस्य : श्री विश्वराज धिमाल, कार्यपालिका सदस्य

सदस्य : श्री इन्दिरा राई, कार्यपालिका सदस्य

सदस्य : श्री दुर्गी सरदार्नी, कार्यपालिका सदस्य

सदस्य सचिव : अधिकृत श्री गंगामाया अधिकारी, कृषि शाखा

**निर्णय नं. २**

नगरपालिकाका विभिन्न स्थानका खोला तथा नाला एवं ढल तथा नाला सरसफाईका लागि केही वडाहरुबाट माग भई आएको र अन्य वडाबाट आउने क्रममा रहेको हुँदा २०७६।०३।१६ गते सम्म प्राप्त भएका मागहरु संकलन गरी खोला सफाईको हकमा २०% र ढल तथा नाला सफाईको हकमा ४०% लागत हिस्सा सम्बिन्धत उपभोक्ता समिति/टोल विकास संस्थाले बहन गर्ने गरी सम्बन्धित उपभोक्ता समिति वा टोल विकास संस्था सँग मिति २०७६।०३।२० भित्र सम्झौता गरी कार्य गर्न गराउन कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

आगामी आ.ब.का लागि विभिन्न हाट बजार, पसल कवल लगायतको ठेक्का प्रयोजनार्थ आर्थिक ऐन, २०७५ मा उल्लेख भएका दरहरुलाई कायम गरी ठेक्का आव्हान भईसकेकोले सो लाई अनुमोदन गर्ने तथा पार्किङ्ग सेवा शुल्कका साथै अन्य हाटबजारका सम्बन्धमा आर्थिक ऐन, २०७५ मा उल्लेख भए बमोजिम देहायको बिषय थप गरी ठेक्का प्रकृया अगाडी बढाउन स्वीकृति दिने निर्णय गरियो ।

**पार्किङ्ग शुल्कको दर**

नगरसभाले पारित गरेको सवारी पार्किङ्ग सरसफाइ शुल्कको दर देहाय अनुसार कायम भएको

| क्र.सं. | सवारीको किसिम | पार्किङ्ग शुल्क दैनिक (रु) | कैफियत |
|---|---|---|---|
| १.१ | कोशी मेची र सगरमाथा अन्चल वा १ नं. प्रदेशमा दर्ता भई संचालन हुने भाडाका बस, | रु ३०। | |
| | ट्रकहरु | रु ५०। | |
| १.२ | अन्य अन्चल वा प्रदेशमा दर्ता भई संचालन हुने भाडाका बस, ट्रकहरु | रु. २००। | |
| १.३ | विदेशि बस, ट्रक लहरीहरु | | |
| १.४ | भाडाका ट्याक्सी, टेम्पो, कार, जिप, भ्यानहरु | रु.२०। | |
| | | रु १००। | |
| १.५ | स्वदेसी ट्रक, लहरी,हेवी गाडीहरु | रु.७०। | |
| १.६ | स्वदेसी जीप, कार, भ्यान साना सवारी साधनहरु | रु १५०। | |
| १.७ | विदेशी जीप, कार, भ्यान साना सवारी साधनहरु | रु १५। | |
| १.८ | सिटि सफारीहरु | रु २५। | |
| १.९ | निजी कार, जिप, टेप्पो, भ्यानहरु | रु ३०। | |
| १.१० | भाडा तथा निजी ट्र्याक्टर, मिनीबस, मिनी ट्रकहरु | | |

| | | | |
|---|---|---|---|
| २. | बस पार्कमा पार्किङ्ग गर्दा लाग्ने शुल्क : | | |
| २.१ | कोशी, मेची र सगरमाथा अञ्चल वा १ नं. प्रदेशमा दर्ता भई संचालन हुने बस, मिनीबस | रु २५। | |
| २.२ | अन्य अञ्चल वा प्रदेशमा दर्ता भई संचालन हुने भाडाका ट्याक्टर | रु ५०। | |
| २.३ | बस, ट्रक लहरी,हेवी गाडी | रु २००। | |
| २.४ | विदेशी ट्याक्टर बस, ट्रक लहरी,हेवी गाडी | रु ३००। | |
| २.५ | विदशि साना सवारी साधनहरु | रु १००। | |
| २.६ | विदेशी जीप, कार, भ्यान | रु ५०। | |
| २.७ | सिटी सफारी | रु १५। | |
| २.८ | अन्य सवारी साधन | रु.१०। | |

## ४.(ख) साप्ताहिक हाट बजार तथा, गुद्री हाट करको दर (गुद्री तथा हाटबजार ठेक्का दर)

| क.स. | विवरण | दैनिक प्रति पसल दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | खटियामा किराना सामान राखी बिक्री गर्ने पसल | रु२५।- | |
| २ | रेडिमेड कपडा खटियामा राखी बिक्री गर्ने पसल | रु३०।- | |
| ३ | थान कपडा बिक्री गर्ने पसल | रु३५। | |
| ४ | फलामका औजार तथा सामान बिक्री पसल | रु२०।- | |
| ५ | जुत्ता चप्पल बिक्री पसल | रु.३५। | |
| ६ | फलफुल नास्ता ठेलामा राखी बिक्री गर्ने पसल | रु३०।- | |
| ७ | कुखुरा, हाँस बिक्री गर्ने पसल | रु२०। | |
| ८ | चटपटे तथा बरफ, आइसक्रिम बिक्री गर्ने पसल | रु३०।- | |
| ९ | चिया पसल | रु१०।- | |
| १० | साग, सब्जी डोकामा वा डालामा ल्याइ बेच्ने पसल | रु१०।- | |
| ११ | सिजन अनुसारको साग सब्जी आलु पसल | रु४०।- | |
| १२ | फोटो फ्रेमिंग तथा बिक्री पसल | रु२०।- | |
| १३ | ढाकीमा ल्याई बेच्ने दाल, चामल, पिठो, च्युरा आदि पसल | रु१०।- | |
| १४ | बिस्कुट, चकलेट, पाउरोटी, साबुन बिक्री गर्ने पसल | रु२५।- | |
| १५ | कपाल काट्ने सैलुन | रु१५।- | |
| १६ | माछा, मासु, तरकारी पकाई बिक्री गर्ने पसल | रु४०।- | |
| १७ | चुरी, धागा, टीका आदि श्रृंगार तथा मनिहारी पसल | रु३०।- | |
| १८ | माटाका भाडा बेच्ने पसल | रु४०।- | |
| १९ | मुरली, बांसुरी, गुलेली, थैली, जुम्रा, उडुस आदी मार्ने औषधी बिक्री गर्ने पसल | रु १०।- | |
| २० | चामल, दाल बिक्री गर्ने पसल | रु३०।- | |
| २१ | बीउ विजन बिक्री गर्ने पसल | रु३५।- | |
| २२ | अदुवा, लसुन, खुर्सानी, कुचो, नांलों बेच्ने पसल | रु३५।- | |
| २३ | मकै पोली बेच्ने पसल | रु२०।- | |
| २४ | जडिबुटि विक्री गर्ने पसल | रु२०।- | |
| २५ | विभिन्न प्रकारका सामान भएका किराना पसल | रु४०।- | |
| २६ | सुंगुर/बंगुर काटि वेच्ने पसल प्रति गोटा | रु७०।- | |
| २७ | कुखुरा मासु पसल | रु५०।- | |
| २८ | सुँगुर बंगुर खरिद विक्री पसल | रु१००।- | |
| २९ | खसी, बोका, बाखा, गाई, भैसी खरिद विक्री | रु१००।- | |

फोटोकपी सक्कलसँग मिल्छ
शाखा अधिकृत

उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी प्रदेश नं १, सुनसरी, नेपाल

| | | | |
|---|---|---|---|
| ३० | मथि समावेश नभएका अन्य पसलहरु | रु. २०५।०० | |

द्रष्टव्यः

(१)व्यवसाय प्रमाण पत्र लिइ वा नलिइ नगरपालिका क्षेत्रमा समय समयमा सिजन अनुसारको सब्जि तथा फलफूल आदि थोक तथा खुद्रा विक्रि गर्ने गोदाम वा डिलरले साग सब्जि, फलफूल ल्याई विक्रि गर्दा प्रति ट्रक सानो भेनको रु.१५।- र ट्रकको रु. २५। लिइने छ ।

(२) गैर नेपालि नागरिकले सञ्चालन गरेको साप्ताहिक हाट पसल तथा, गुद्री पसलको अनुसूचि ४ को (ख) मा तोकिएको दरमा थप रु.२० लिइनेछ ।

**शौचालय प्रवेश शुल्क दर**

शार्वजानीक शौचालय प्रयोग प्रति पटक

दिशा गरेको रु १०।

पिसाव गरेको रु ५।

**निर्णय नं. ४**

नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुले राजश्व असुली गर्दा कतिपय अवस्थामा एउटै व्यक्ति वा फर्मको एउटै प्रकृतिको कर तथा शुल्क लिदा दोहोरा रसिद काटिने गरेको र राजश्व फिर्ता माग गर्ने गरेको सम्बन्धमा कार्यपालिकाको कार्यालय वा वडा कार्यालयले एउटै व्यक्ति वा फर्म/संघ संस्थाले एउटै प्रकृतिको कर दोहोरो तिरेको प्रमाण संलग्न राखी फिर्ता माग गरेमा राजश्व फिर्ता गर्न नगर कार्यपालिकाको कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

वडा नं. ५ बस्ने मिरा खड्काको घरनक्सा पासको सम्बन्धमा कार्यपालिकाले गठन गरेको छानविन समितिलाई पाँच दिन भित्र प्रतिबेदन पेश गर्न निर्देशन दिने सो समयमा समितिले प्रतिबेदन पेश नगरेमा कार्यपालिकाले आवश्यक निर्णय गर्ने ।

**निर्णय नं. ६**

यस कार्यालयमा ट्रान्सफर्म राखिएको कारण विद्युत जडानको थप कार्य गरी वाइरिङ्ग मर्मत गर्नु पर्ने भएको, यस कार्यालय तथा वडा कार्यालयमा बल्व तथा पूर्व पश्चिम राजमार्गको सडक बत्ती मर्मत गर्नु पर्ने भएको र वडा कार्यालय र यस कार्यालयका लागि थप पंखा समेत जडान गर्नु पर्ने भएको हुँदा पानी तथा बिद्युत महशुल शिर्षकबाट रु.५,००,०००।- (पाँच लाख) खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

देहायका कार्यक्रम संचालन गर्न श्रीमान नगरप्रमुखज्यूबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**(क) संकेत नं. ३११५७ बन तथा वातावरण संरक्षण शिर्षकका कार्यक्रमहरु**

(१) वार्ड नं. २ देवीथानमा १४ वटा सौर्य सडक बत्ती रु.१४,०७,०००।- (चौध लाख सात हजार)

(२) वार्ड नं. २० वडा कार्यालय छेउ बास्केट वल कोर्डमा ६ थान सौर्य सडक बत्ती रु.६,६४,८१२। (छ लाख चौसठ्ठी हजार आठ सय बाह्र रुपैया)

(३) सुरक्षित बृक्षारोपण उप शिर्षक रु. १५,००,०००।- (पन्ध्र लाख) मध्ये रु. ५,००,०००। (पाँच लाख) रकमबाट बिरुवा खरिद गर्ने कार्य

**(ख) २२४१४ सरसफाई सेवा शुल्क शिर्षकबाट**

फोटोकपी शाखा अधिकृत

इटहरी, सुनसरी
प्रदेश नं १, सुनसरी, नेपाल

(१) धार्मिक स्थल मठ, मन्दिर सरसफाई उपशिर्षकबाट खर्च गर्ने गरी ग्रिन बेल्ट, जंगली झार काँटछाट तथा अशोक विरुवामा रंग लगाउने कार्यक्रम रु. १,६१,२५०,- (एक लाख एकसठ्ठी हजार दुई सय पचास रुपैया)

**(ग) संकेत नं. ३११५८ खर्च शिर्षक सरसफाई संरचना निर्माण उपशिर्षक ढल तथा नाला सरसफाई शिर्षकबाट**

(१) वार्ड नं. ९ अभियन्ता टोल नाला सरसफाई रु. ३७,९८४।- (सैतीस हजार नौ सय चौरासी रुपैया)

**(घ) संकेत नं. ३११५८ खर्च शिर्षक सरसफाई संरचना निर्माणको उप शिर्षक सरसफाई सामाग्री खरिद कार्यक्रमबाट रु. १,००,०००। (एक लाख) बराबरको थुन्से खरिद ।**

**(ङ) संकेत नं. ३११५८ खर्च शिर्षक सरसफाई संरचना निर्माणको उपशिर्षक डम्पिङ्ग साईट व्यवस्थापन शिर्षकबाट प्राविधिकबाट आएको लगत स्टीमेट बमोजिम फोहर व्यवस्थापनको लागि कार्य गर्न स्वीकृति दिने ।**

(च) विपद् व्यवस्थापन शिर्षकबाट

(१) VCA तालिममा खर्च भएको रकम रु. ३,५०,०००।- (तीन लाख पचास हजार)

(२) अग्नी नियन्त्रण यन्त्र ३२ वटा खरिद गर्दा भएको खर्च रु.३,९७,७६०।- (तीन लाख सन्तानब्बे हजार सात सय साठी रुपैया मात्र)

**(छ) जिल्ला सहकारी संघ लिमिटेडलाई ६२ औं सहकारी दिवस मनाउनका लागि माग गरेको खर्च रु.५०,०००। (पचास हजार) नीति, कार्यक्रम तथा बजेटको संकेत नं. २२५२२ खर्च शिर्षक उद्योग तथा सहकारी कार्यक्रम शिर्षकबाट व्यहोर्ने गरी भुक्तानी दिने ।**

**निर्णय नं. ८**

प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गतको ओशो चोकबाट पुष्पलाल चोक हुदै पुष्पलाल मार्ग स्तरोन्नती कार्यको शिलबन्दी दरभाउ पत्र (ठेक्का नं. ITA/NC13/19/075/076) को दरभाउ पत्र दाता सौरभ कन्ट्रन्सनले काम गर्न नसक्ने भनी निवेदन पेश गरेको हुँदा दरभाउ पत्र साथ पेश गरेको धरौटी जफत गरी उक्त दरभाउ पत्र रद्द गरी उपभोक्ता समितिबाट योजना संचालन गर्न स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

चालु आ.ब. को नीति, कार्यक्रम तथा बजेटमा स्वीकृत योजना अनुसूची ८ को नदि नियन्त्रण तथा तटबन्धको मुढा खोला पुरानो पोखरी छेउ पुल उत्तरको कार्यको लागि शिलबन्दी दरभाउ पत्रबाट ठेक्का सम्झौता भई सकेकोमा उक्त तटबन्ध कार्य भोटिया खोला झोरापटा टोल पश्चिम दक्षिणमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

इटहरी उपमहानगरपालिका वडा नं. ४, Construction of tengra khola Bridge in Itahari Sub-Metropolitan City, Itahari-4, Sunsari बोलपत्र नं. TENKHOLA BRG/NCB/ITA/1.02 (निर्माण व्यवसायी कुन्सालीङ्ग कन्ट्रक्सनको) म्याद २०७५ मंसिर १५ गते सम्म रहेकोमा निर्माण सामाग्रीको अभाव लगायतका कारणले सम्पन्न गर्न नसकेकोमा मिति २०७६ आषाढ मसान्त सम्म म्याद थपको लागि निवेदन पेश भएकोमा नियमानुसार बैंक ग्यारेण्टीको अवधि थप गर्न लगाई मिति २०७६ आषाढ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस इटहरी उपमहानगरपालिकाको आ.ब. २०७४/०७५ मा वडा नं. १६ को सरस्वती मार्ग ग्रावेल तथा माटो पुर्ने योजनालाई आकस्मिक कोष शिर्षकबाट रु. १,७०,०००।- ( एकलाख सत्तरी हजार) बिनियोजन भई कार्य भईरहेको हुँदा उक्त योजनाको मिति २०७६ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

शाखा अधिकृत

उपमहानगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं १, सुनसरी